आज मिति २०७६/०१/०८ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री लीलाधर अधिकारीको अध्यक्षतामा जिल्ला भित्र संचालन हुने मेलालाई व्यवस्थित गरि मापदण्ड वनाई लागु गर्न देहाय वमोजिमको उपस्थितिमा बैठक वसी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लीलाधर अधिकारी | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय |
| श्री गोविन्द पौडेल | पूर्व सभासद | |
| श्री देवराज बहादुर बानियाँ | पूर्व सभासद | |
| श्री देवेन्द्र बहादुर कटुवाल क्षेत्री | प्रमुख | जिल्ला समन्वय समिति |
| श्री हरि कुमार श्रेष्ठ | प्रमुख | बेनी नगरपालिका |
| श्री ईशान छन्त्याल | उपाध्यक्ष | धवलागिरी गा.पा. |
| श्री श्री प्रसाद रोका | अध्यक्ष | मालिका गा.पा. |
| श्री सत् प्रसाद रोका | अध्यक्ष | मंगला गा.पा. |
| श्री भव बहादुर भण्डारी | अध्यक्ष | रघुगंगा गा.पा. |
| श्री डम बहादुर पुन | अध्यक्ष | अन्नपूर्ण गा.पा. |
| श्री ................ | अध्यक्ष | ने.क.पा. |
| श्री माधव प्रसाद रेग्मी | उपसभापति | ने.का. |
| श्री ................ | अध्यक्ष | रा.प्र.पा. |
| श्री नारायण कोइराला | जि.स.उ. | जि.स.स. म्याग्दी |
| श्री हरि प्रसाद शर्मा | प्र.प्र.अ. | बेनी नगरपालिका |
| श्री राजन दहाल | सेनानी | श्री वक्स गुल्म, अर्थुङ्गे ब्यारेक |
| श्री महेन्द्र प्रसाद मरासिनी | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय |
| श्री देवीलाल गौतम | स.प्र.नि. | शसस्त्र प्रहरी वल |
| श्री विष्णु हरि पंडीत | अ.अ. | रा.अ.जिल्ला कार्यालय |
| श्री दल बहादुर थापा | प्रमुख | शिक्षा विकास तथा समन्वय इकाइ |
| श्री गोविन्द सुनार | प्र.प्र.अ. | धवलागिरी गाउँपालिका |
| श्री बुद्धिराम उपाध्याय | प्र.प्र.अ. | मालिका गाउँपालिका |
| श्री कृष्ण प्रसाद गौतम | प्र.प्र.अ. | मंगला गाउँपालिका |
| श्री रमेश थापा | प्र.प्र.अ. | रघुगंगा गाउँपालिका |
| श्री केदारनाथ शर्मा | प्र.प्र.अ. | अन्नपूर्ण गाउँपालिका |
| श्री तारानाथ शर्मा | अध्यक्ष | नेपाल पत्रकार महासंघ |
| श्री उत्तम कर्माचार्य | अध्यक्ष | म्याग्दी उवा संघ |
| श्री सुदर्शन कुमार श्रेष्ठ | अध्यक्ष | नागरिक समाज |
| श्री हरि प्रसाद पौडेल | अध्यक्ष | गैसस महासंघ |
| श्री बालकृष्ण सुवेदी | अध्यक्ष | म्याग्दी बहुमुखी क्याम्पस |
| श्री कृष्ण कुमार वि.क. | अध्यक्ष | जिल्ला खेलकुद विकास समिति |
| श्री सन्तोष गौतम | पत्रकार | नेपाल पत्रकार महासंघ |
| श्री ठाकुर प्रसाद आचार्य | पत्रकार | नेपाल पत्रकार महासंघ |
| श्री हरिकृष्ण गौतम | पत्रकार | नेपाल पत्रकार महासंघ |
| श्री घनश्याम रिसाल | ,, | ,, |
| श्री प्रताप बानियाँ | ,, | ,, |
| श्री दिलनाथ सिग्देल | का.प्र. | जि.प्र.का.-ई, म्याग्दी |
| महेश सुवेदी | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय |

D:\Other file/कार्यालय प्रमखको बैठक उपस्थिति पर्मेट

# म्याग्दी जिल्लामा संचालन हुने मेला तथा महोत्सव सम्बन्धी मापदण्ड, २०७६

जिल्ला भित्र विभिन्न संघ संस्थाको नामवाट आयोजना हुने मेला तथा महोत्सवहरुले जिल्लाको स्थानीय उत्पादनको बजारीकरण गर्ने र स्थानीय कला संस्कृतिको प्रवर्द्धन गर्दै जिल्लाको आर्थिक सामाजिक तथा सांस्कृतिक उन्नति गर्ने विश्वास गरिन्छ। मेला महोत्सवलाई आर्थिक, सामाजिक र साँस्कृतिक प्रवर्द्धन मैत्री बनाई जिल्लाको अपार पर्यटनको सम्भावनालाई सदुपयोग गर्न र सामाजिक, सांस्कृतिक विकृति, विसगती हटाइ अपराध नियन्त्रण गर्न र मेला महोत्सवलाई मर्यादित सभ्य एवं नैतिक आचरण युक्त बनाउन यो मापदण्ड म्याग्दी जिल्लाका सबै स्थानीय तहमा तत्काल कार्यान्वयनमा ल्याउने कुरामा हामी सहमत हुदै यो प्रतिबर्द्धता सहितको मापदण्ड जारी गरेका छौं ।

१ कुनै पनि संघ संस्थाले मेला तथा महोत्सव संचालन गर्दा त्यस्तो मेला तथा महोत्सवले समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा पुऱ्याउने योगदानको खाका सहितको कार्यक्रम स्थानीय तहमा पेश गर्नु पर्ने छ ।

२ त्यसरी पेश गर्ने प्रस्तावमा मेला शुरु हुने मिति र समापन हुने मिति स्पष्ट गरि पेश गर्नु पर्ने छ ।

३ स्थानीय तहहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार मेला महोत्सव संचालन गर्न पेश भएका प्रस्तावको मुल्याङ्कन गरि शान्ति सुरक्षाको प्रवन्धको लागि स्थानीय प्रशासनसँग समन्वय गरि सुरक्षा प्रवन्धको यकीन भए पश्चात बढिमा ५ दिन मेला तथा महोत्सव संचालन गर्न अनुमति दिन सक्नेछन् ।

४ प्राकृतिक विपद तथा कुनै विशेष परिस्थितिको कारणले तोकिएको समय अवधिमा मेला महोत्सव समपन्न गर्न असमर्थ भएमा स्थानीय तहसँग सहमति गरि पहिला अनुमती दिएको दिनमा नबढ्ने गरि समायोजन गर्न सकिने छ।

५ मेला महोत्सव संचालन गर्ने संघ संस्थाले सो संघ संस्थाको उद्देश्य अनुसारको मेला महोत्सव मात्र संचालन गर्न सकिनेछ ।

६ कुनै पनि मेला तथा महोत्सवको अवधि साधारणतय बढिमा ५ दिन गरिने कुरामा हामी प्रतिवद्ध छौं । तर, विशेष महत्वका जिल्लाको पहिचान, संस्कृति, उत्पादन तथा पर्यटन प्रवर्द्धन गरि आर्थिक समृद्धिमा ठोस सहयोग पुग्ने खालका महोत्सव जिल्लाका सरोकारवालाहरुसँग सहमति गरि बढीमा ७ दिन सम्म संचालन गर्न सकिनेछ ।

७ मेला तथा महोत्सवलाई मदिरा मुक्त बनाइने छ । मेला तथा महोत्सव स्थलभित्र खुला या बोतल बन्द कुनै पनि प्रकारको मदिरा बेचबिखन त्था सूर्तिजन्य बस्तु निषेध गरिएको छ ।

८ मेला तथा महोत्सव स्थल भित्र जुवा, तास, खरखरे लगायतका जुवाजन्य खेलहरु (पैसाको हारजित हुने) पुर्णत निषेध गरिएको छ ।

९ कुनै पनि मेला तथा महोत्सवका कार्यक्रमहरु बेलुका ७ बजे भित्रै समापन गर्नु पर्ने छ ।

१० माथि ७, ८ र ९ को मापदण्ड विपरितका क्रियाकलाप भएमा मेला आयोजक संस्थाको संयोजक र त्यस्तो गतिविधिमा संलग्न व्यक्तिलाई स्थानीय प्रशासनले कानूनी दायरा भित्र ल्याइ कारवाही गर्ने छ ।

११ कुनै पनि शैक्षिक संस्थाको परिसर भित्र मेला तथा महोत्सव निषेध गरिएको छ ।

१२ मेला तथा महोत्सवको प्रचार प्रसार तथा सूचना सम्प्रेषण गर्दा ध्वनी प्रदुषण नहुने गरि गर्नु पर्ने छ ।

१३ मेला तथा महोत्सवमा सांस्कृतिक बिचलन नहुने गरि गीत, संगीत तथा नृत्यका मनोरञ्जनात्मक कार्यक्रम संचालन गर्नु पर्नेछ । कुनै अश्लिल गतिविधि भएको पाइएमा स्थानीय प्रशासनले कानूनी दायरामा ल्याइ कारवाही गर्ने छ ।

१४ मेलामा होहल्ला गर्ने, लैङ्गिक हिंसा जन्य गतिविधि गर्ने व्यक्तिलाई तत्काल नियन्त्रणमा लिई कारवाही गरिनेछ ।

१५ मेला आयोजक संस्थाले मुनाफा आर्जन भन्दा सामाजिक भलाईको लागि मेलाको आयोजना गर्नु पर्ने छ । मेला महोत्सवलाई ठेक्कापट्टामा दिई सचालन गर्न पाइने छैन । मेला महोत्सव समापन भएको मितिले मेलाको बढीमा १० (दश दिन) र महोत्सवको हकमा १ (एक) महिना भित्र आम्दानी तथा खर्चको विवरण सम्बन्धित स्थानीय तहमा बुझाई स्थानीय पत्र पत्रिकामा समेत सार्वजनिकरण गर्नु पर्ने छ । त्यस्तो सार्वजनिकरण नगर्ने संस्थालाई कालो सूचीमा राखि पुन मेला संचालन गर्न अनुमति दिइने छैन ।

१६ जिल्ला भित्र आयोजना हुने मेला तथा महोत्सवमा कम्तीमा पनि ५० प्रतिशत स्थानीय उत्पादनका स्टल राख्नु पर्ने छ ।स्थानीय उत्पादन भन्नाले नेपाल भित्र घरेलु तथा साना उद्यममा उत्पादन गरेको सामाग्री/बस्तु सम्झनु पर्दछ । कृषि तथा पशुपालन उत्पदानका स्टल बाहेक अन्य स्टलहरुले पान विल प्रयोग गर्नु पर्ने छ ।

१७ मेला तथा महोत्सवमा गरिने सांस्कृतिक कार्यक्रमहरुमा स्थानीय कला तथा संस्कृति प्रबद्वन हुने खालमा गितहरु प्रस्तुत गर्नु पर्ने साथै कम्तीमा पनि ५० प्रतिशत स्थानीय कलाकर्मीहरुलाई प्रतिभा प्रवर्द्धन गर्न सहभागी गराउनु पर्ने छ ।

१८ आयोजकले मेलामा संचालन हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमको तालिका सम्बन्धित स्थानीय तह तथा स्थानीय प्रशासन/प्रहरीलाई उपलब्ध गराउनु पर्ने छ ।प्राप्त अनुमति अनुसार समयमै कार्यक्रम संचालन गर्ने दायित्व आयोजकको हुनेछ।

१९ संस्कृति तथा खेलकुदको विकास गरि युवा पुस्तामा मनोञ्जनको माध्यमवाट सकारात्मक सोचको विकास गर्न स्थानीय तहहरुले सहजकर्ताको भुमिका खेल्नु पर्नेछ।

२० मेला महोत्सव अवधिभरमा निस्कासन भएको फोहोर मैलाको उचित ब्यवस्थापन गर्ने दायित्व आयोजकको हुने छ । सो नभएमा बुदा नम्वर ८ बमोजिम कार्यवाही गरिने छ ।

२१ यस मापदण्दको सन्दर्भमा आवधिकरुपमा सरोकारवाला बीच समिक्षा एव छलफल गरि समायानुकुल पुनराबलोकन गरिने छ ।

२२ मदिरा नियन्त्रण र जुवा तथा लागु औषध निषेध गरि समाजलाई आर्थिक समृद्धिको वाटोमा उन्मुख गराउन मेला तथा महोत्सवलाई व्यवस्थित गर्न हामी सबै सरोकारवालाहरुले जिम्मेवारी पुर्ण रुपमा सहयोग गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।